आज मिति २०७७/०८/३० गतेका दिन जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वका निमित्त प्रमुख जिल्ला अधिकारी श्री अञ्जु पोखरेलको अध्यक्षतामा कार्यालयका कर्मचारीहरुको मंसिर महिनाको मासिक बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| | | |
|---|---|---|
| श्री अञ्जु पोखरेल | निमित्त प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री बिरेन्द्र बिष्ट | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री खम्बु रावत | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री नारायणी खड्का के.सी. | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री केशव थापा | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री बिर प्रताप पुन | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री आशाराम पुन मगर | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री लक्ष्मण खत्री | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री बल बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री करण बुढा मगर | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री वासुदेव कामी | हलुका सवारी चालक | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री रिता आचार्य | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री सुस्मिता श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री दिपिका गौतम | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री पूर्ण बहादुर खत्री | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री रेशम कुमार रोका मगर | सूचना समन्वयकर्ता | |
| श्री निर्मला बुढाथोकी | कार्यालय सहयोगी | |
| निकिता मल्ल | ११ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

निर्णयहरु

निर्णय नं. १

२०७७ साल मंसिर महिनाको ३० दिनमा गरिएको कार्य सम्पादनको समीक्षा गर्दा तपशिलका ३० क्रियाकलापहरु सकरात्मक भएको समीक्षा गरियो ।

तपशिल

१.सेवाग्राहीहरुको सुविधाको लागि कार्यालय हाताभित्रै हुलाक टिकटको व्यवस्था गरिएको ।

२.जिल्ला स्थित सरकारी कार्यालयहरुको छड्के अनुगमन गरिएको ।

३. प्र.जि.अ. ज्यूको कार्यकक्ष थप सुव्यवस्थित गरी व्यवस्थापन गरिएको ।

४. जिल्ला सुरक्षा समितिको बैठक बसेको ।

५. जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसेको ।

६.सशस्त्र द्वन्द, माओवादी सेनाका घाइते अपाङ, ऐतिहासिक जनआन्दोलन तथा मधेश आन्दोलनका कार्यदलमा नाम समावेश नभएका घाइते अपाङ्गहरुको विवरण संकलनको लागि सूचना प्रकाशित गरिएको ।

७.लैङ्गिक हिंसामुक्त कार्यालय घोषणा अभियानको थालनी भएको ।

८.विकास आयोजनाका समस्या समाधान गर्न समन्वय बैठक बसेको ।

९.लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई नतिजामूलक बनाउन जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु र सरोकारवालाहरुको संयुक्त रुपमा अन्तरक्रिया गरिएको ।

१०.सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी, नतिजामूलक, नागरिकमैत्री बनाउन जिल्ला स्थित सरकारी कार्यालयहरु र पालिका बीच सहकार्य, समन्वय, सहजीकरण र सञ्चार नियमित गर्ने निर्णय भएको।

११.नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण र नदीजन्य पदार्थसँग सम्बन्धित क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धी अनुगमन समितिको बैठक बसेको ।

१२.क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योग सञ्चालन सम्बन्धी अनुगमन समितिद्वारा जिल्लामा सञ्चालित क्रसर उद्योगहरुको स्थलगत अनुगमन गरिएको ।

१३.सामाजिक सञ्जालमा आएका सार्वजनिक गुनासाहरुको सम्बोधन ।

१४.माननीय प्रतिनिधि सभा सदस्य कमला रोकासँग विकास आयोजनाहरुको अनुगमन सरोकारवालाहरुसँग बैठक सम्पन्न भएको ।

१५.ठेकेदारहरुलाई आयोजना स्थलमै पृष्ठपोषण दिइएको ।

१६.जिल्ला अस्पतालमा उपचारात्मक अनुगमन गरी अस्पतालको आन्तरिक व्यवस्थापन सुदृढ गरिएको ।

७७-०८-३०
नि. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

१७.शव वाहन ल्याउनको लागि सहजीकरण ।

१८.सबै पालिकासँग हिमपात प्रतिकार्यको लागि तयारी गर्न सहजीकरण ।

१९.ठेकेदारहरुले श्रमिकलाई ज्याला नदिएकोमा समन्वय गरी दिलाईएको ।

२०.सरकारी सवारी साधनहरुको संचालन व्यवस्थापन चुस्तदुरुस्त बनाइएको ।

२१.राजमार्ग अवरोध हुन नदिएको ।

२२.गाँजा तथा लागू औषध फडानी ।(१०० रोपनीको भूमे गा.पा. का विभिन्न वडाहरुमा।

२३.कार्यालयको आन्तरिक कामहरु नतिजामूलक भएको ।

२४.नेपाली सेनाको भान्सा घर निर्माण गर्न पालिकाहरुसँग समन्वय गरी स्रोत जुटाई दिएको ।

२५.लागू औषध नियन्त्रणको लागि विद्यालयहरुमा सो विषयमा पठन पाठन गर्न लगाईएको ।

२६.लागू औषध नियन्त्रणको लागि NGO/INGO सँग सहकार्य ।

२७.औषधी पसलहरु अनुगमन ।(भियग्रा र गर्भपतनका औषधी बरामद। ।

२८.नागरिकता होलोग्राम पश्चिम रुकुमबाट सापटी लिएर सेवा प्रवाहमा रोकावट हुन नदिएको ।

२९.विप्लवको स्थापना दिवसमा शान्ति सुरक्षाको लागि तीनवटै सुरक्षा निकायलाई परिचालन र QRT/IRT परिचालन।

३०.सबै कर्मचारीहरुको मनोबल र उत्प्रेरणा उच्च राखिएको र सक्रिय TEAM WORK लाई जोड दिएको।

<u>निर्णय नं. २</u>

यस कार्यालयको खरिदार पदमा कार्यरत श्री [illegible] पुन मगरले २०७७ साल बस मंसिर महिनामा नवप्रवर्द्धनात्मक एवं नागरिकमैत्री सेवा प्रवाहमा उत्कृष्ट कार्य गरेको हुँदा २०७७ साल मंसिर महिनाको उत्कृष्ट कर्मचारीको रुपमा छनोट गरियो ।

<u>निर्णय नं. ३</u>

**आगामी २०७७ साल पुस महिनामा निम्नानुसारको Innovative कामहरु गर्ने ।**

१. सेवा प्रवाहको प्रतिवेदन तयार गर्ने ।

२. अर्धवार्षिक कार्यप्रगति प्रतिवेदन तयार गर्ने ।

३. तोकिएको जिम्मेवारी पूर्ण कार्यान्वयन गरी अभिलेखीकरण राख्ने र प्रतिवेदन गर्ने ।

४. निजामती सेवा ऐन, २०४९ को परिच्छेद ७ परिपालना गर्ने ।

५. सेवा प्रवाह गुनासोरहित बनाउने ।

०७७.०८.३०
प्र. प्रमुख जिल्ला अधिकारी